# बैठक संख्याः ८, मितिः २०८१ माघ २७

## निर्णयहरु

| प्रदेश समपुरक तथा विशेष योजना | | | | |
|---|---|---|---|---|
| समपुरक योजना | | | | |
| क्र.सं./ प्रा.नं. | योजनाको नाम | ठेगाना | रकम | कैफियत |
| १ | रातो पहरो बच्छिउँडाँडाँ सडक स्तरउन्नती | वडा नं २ | एक करोड | |
| २ | आदमखोला आमडाँडाँ पोखरीगाउँ कोशीखोला सडक स्तरउन्नती | वडा नं ३ | एक करोड | |
| ३ | चिसोपानी कुवा बाझागाउँ पाल्चोक सडक स्तरउन्नती | वडा नं ५ र ६ | एक करोड | |
| ४ | निबुवाबोटे तिनघरे राम्चे सडक स्तरोन्नती | वडा नं ८ | एक करोड | |
| विशेष योजना | | | | |
| क्र.सं./ प्रा.नं. | योजनाको नाम | ठेगाना | रकम | कैफियत |
| १ | एक घर एक धारा खानेपानी योजना | वडा नं ५ | एक करोड | |
| २ | बहुउद्देश्यीय कभर्ड हल निर्माण, थुम्कीडाँडाँ | वडा नं १ | एक करोड | |
| ३ | एक घर एक धारा खानेपानी योजना | वडा नं ८ | एक करोड | |

**प्रस्ताव नं. ४ - वडा नं १ मा कभर्ड हल निर्माणको लागि जग्गा सम्याउने सम्बन्धमा।**

**निर्णयः** वडा नं १ मा कभर्ड हलको लागि जग्गा सम्याउने र निस्किएको बालुवा सहितको माटो गाउँपालिकाको रोहबरमा बिक्री गर्ने ।

**प्रस्ताव नं. ५ - प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानीय निर्देशक समितिको निर्णय सम्बन्धमा।**

**निर्णयः** मिति २०८१ मंसिर ५ गतेको प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानीय निर्देशक समितिको बैठकको निर्णयहरु स्विकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ६ - स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धमा।**

**निर्णयः** यस गल्छी गाउँपालिकाको आ.व. २०८०।०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको जम्मा प्राप्ताङ्क ७९.२५ प्रतिशत नतिजा स्विकृत गरि सार्वजनिक गर्ने निर्णय गरियो।

# बैठक संख्याः ८, मितिः २०८१ माघ २७

## निर्णयहरु

**प्रस्ताव नं. १ - अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।**

**निर्णयः** अघिल्लो बैठकमा भएका विविध निर्णयहरुमाथि आवश्यक समिक्षात्मक छलफल गरियो ।

**प्रस्ताव नं. २ - गाउँसभाको बाह्रौ अधिवेशसनका लागि एजेण्डा सम्बन्धमा।**

**निर्णयः** मिति २०८१ माघ ३० गते हुने गाउँसभाको बाह्रौं गाउँसभामा तपसिल बमोजिमको एजेण्डा पेश गर्ने निर्णय गरियो।

**तपसिलः**

1. विनियोजन ऐन, २०८१ को संशोधन प्रस्ताव ।
2. आर्थिक ऐन, २०८१ को संशोधन प्रस्ताव ।
3. बैंरेनी अस्पतालको लागि संगठन संरचना र दरबन्दी स्वीकृत सम्बन्धमा।
4. आधारभुत स्वास्थ्य सेवा केन्द्रका लागि संगठन संरचना र दरबन्दी स्वीकृत सम्बन्धमा।

**प्रस्ताव नं. ३ - आ.व. २०८२/०८३ का लागि सङ्घ र प्रदेशमा समपुरक तथा विशेष अनुदानका योजना प्रस्ताव सम्बन्धमा।**

**निर्णयः** आ.व. २०८२/०८३ का लागि सङ्घ र प्रदेशमा समपुरक तथा विशेष अनुदानका लागि तपसिल बमोजिमका योजनाहरु पेश गर्ने निर्णय गरियो।

**तपसिल**

| सङ्घीय समपुरक तथा विशेष योजना | | | | |
|---|---|---|---|---|
| समपुरक योजना | | | | |
| क्र.सं./ प्रा.नं. | योजनाको नाम | ठेगाना | रकम | कैफियत |
| १ | जङ्गारे डयुनीपोखरी डुम्रीचौर सडक स्तरउन्नती | वडा नं १ | एक करोड | |
| २ | सागिने विर्ताडाँडाँ कोइलीखर्क सडक स्तरउन्नती | वडा नं ५ | एक करोड | |
| विशेष योजना | | | | |
| क्र.सं./ प्रा.नं. | योजनाको नाम | ठेगाना | रकम | कैफियत |
| १ | फोहोरमैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड साइट निर्माण | वडा नं ६ | दुई करोड | |

<u>बैठक संख्याः ८, मितिः २०८१ माघ २७</u>

<u>निर्णयहरु</u>

**प्रस्ताव नं. ७ - बैंरेनी अस्पतालमा रिक्त रहेको ल्याब टेक्निसियन र अ.हे.व. पदको बिज्ञापन गर्ने सम्बन्धमा ।**

**निर्णयः** बैंरेनी अस्पतालमा रिक्त रहेको ल्याब टेक्निसियन र अ.हे.व. पदको लागी करार सेवामा १।१ जनाको बिज्ञापन गर्ने निर्णय गरियो ।

**प्रस्तावन नं. ८- नव निर्मित प्रशासकीय भवन अगाडीको जमीन खाली गर्ने सम्बन्धमा।**

**निर्णयः** उपरोक्त सम्बन्धमा गल्छी गाउँपालिकाको प्रशासनिक भवन निर्माण स्थलको जग्गा २०४३ साल सम्म हालको वागेश्वरी उच्च माध्यमिक विद्यालयले भोगचलन गरिरहेको र सोही मिति देखि विद्यालय त्यहाँबाट हालको स्थानमा स्थानान्तरण हुँदा सो जग्गा बैंरेनी बजार निवासी चेतनाथ रिमाल, छत्र बहादुर कार्की र केदार भण्डारी समेतले भोग चलन गर्ने गरी विद्यालयसँग खरिद गरि उपयोग गर्दै आएको कारणबाट निजहरु तथा निजका परिवारका सदस्यहरुले अस्थायी टहरा हाली बसोवास गरिरहेको जग्गा मध्ये गल्छी गाउँपालिकाको प्रशासकीय भवनको पूर्व पट्टी पर्ने जग्गाको जग्गा धनि कुमार रिमालले चर्चेको जग्गा मध्येबाट नवनिर्मित भवनको अगाडी रहेको संरचना भत्काइ हटाइदिने र गाउँपालिकाको भवनको पूर्व तर्फको गाउँपालिकाको नम्वरी जग्गामा पनि निजहरु तथा निजका हकदारहरु, गाउँपालिका समेतले भविष्यमा कुनै स्थाइ वा अस्थाइ संरचना निर्माण नगर्ने र गर्न नदिने गरि सो क्षेत्रलाई खुल्ला पार्किङ क्षेत्रको रुपमा प्रयोग गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ९ – कभर्ड हलको लागी जग्गा सम्याउने सम्बन्धमा।**

**निर्णयः** वडा नं १ मा बागमती प्रदेश मन्त्रालयबाट कभर्ड हल निर्माणको लागी बजेट विनियोजन भएकोले वडाको सिफारिसमा सार्वजनिक जग्गामा कभर्ड हल निर्माणका लागि जग्गा सम्याउने र निस्किएको बालुवा सहितको माटो गाउँपालिकाको रोहबरमा यस गल्छी गाँउपालिकाको आर्थिक ऐन बमोजिम बिक्री गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १० – अटो रिक्सा व्यवस्थापन सम्बन्धमा ।**

**निर्णयः** यस गाँउपालिका भित्र सञ्चालनमा रहेको अटो रिक्सालाई व्यवस्थित र सुरक्षित तवरले सञ्चालनमा ल्याई सहज यातायातको व्यवस्था मिलाउन गाँउपालिकाले कार्यविधि बनाउने र अटो रिक्साहरुलाई सूचिकृत गरि सञ्चालनको व्यवस्थापन गर्ने निर्णय गरियो ।

# बैठक संख्याः ८, मितिः २०८१ माघ २७

## निर्णयहरु

**प्रस्ताव नं. ११ – प्रारम्भिक वातावरणीय परीक्षण प्रदिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।**

**निर्णयः** यस गाँउपालिकाको त्रिशुली नदिको बगरमा उपलब्ध रहेको नदीजन्य पद्धार्थको विक्रि वितरण गर्नका लागी यस गाउँपालिका र प्लाटफर्म इन्जिनियरिङ कन्सर्न एण्ड कन्सल्टेन्सी प्रालिबिच भएको सम्झौता अनुसार केउरिनिटार बेलिनीटार देखि आदमखोलासम्मको प्रस्ताव नम्बर ३ को लागी उक्त कन्सल्टेन्सीले पेश गरेको वातावरणीय परिक्षण प्रतिबेदन गल्छी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७ को दफा ७ को उपदफा ४ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ – पृथ्बी राजमार्गको सडक खण्डको निर्माणको लागी नदिजन्य पर्दार्थ उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णयः** नागढुंगा मुग्लिन सडक योजना (पूर्वी खण्ड) को मिति २०७९।१२।१७ गतेको पत्रानुसार राष्ट्रिय गौरवको योजनामध्ये विश्व वैंकको सहयोगमा सञ्चालित क्षेत्रीय व्यापारिक मार्ग विस्तार आयोजना अन्तर्गत नागढुंगा नौंबिसे मलेखु सडक खण्ड विस्तार एवं स्तरोन्नतीको कार्य भैरहकोमा निर्माणको लागी आवश्यक पर्ने ढूंगा, गिट्टी तथा बालुवा उपलब्ध गराउन समन्वयका लागी सिफारिस भएको छ। साथै निर्माण व्यवसायी श्री SHARMA-LAMA-ZICG JV को मिति २०८१।११।०२ को पत्र अनुसार निर्माण कार्यको लागी स्विकृत IEE अनुसार नदि जन्य पद्धार्थ उपलब्ध गराउनु भनि पत्र प्राप्त भएकोले यस गाउँपालिकाको वडा नम्बर ४ को रुम्टा बगर र बेल्खु बगरबाट वागमती प्रदेश सरकारको आर्थिक ऐन बमोजिम प्रतिघन फिट रु ७ मा भ्याट समेतको शुल्क उठाई उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. १३ – राजस्वमा sutrarevenue.fcgo.gov.np कार्यान्वयन गर्ने सम्बन्धमा ।**

**निर्णयः** राजस्वमा sutrarevenue.fcgo.gov.np कार्यान्वयन गर्ने सम्बन्धमा ।

## बैठक संख्याः ८, मितिः २०८१ माघ २७

## निर्णयहरु

**प्रस्ताव नं. १४ – जग्गा खरिदको रकम भुक्तानी गर्ने सम्बन्धमा ।**

**निर्णयः** यस गाउँपालिकाको नवनिर्मित प्रशासकिय भवनको लागी सम्पुर्ण प्रकृया पुरा गरी गाउँपालिकाको नाममा प्राप्त तपशील बमोजिकको विवरण भएको प्रमुख जिल्ला अधिकारीको समितिले तोके बराबरको रकम निज बिक्रीकर्ता हरुलाई भुक्तानी गर्ने निर्णय गरियो ।

**तपशील**

| जग्गा विक्री कर्ता | कित्ता नम्बर | जग्गा विवरण | रकम |
|---|---|---|---|
| श्री कुमार रिमाल | ९०२ | ०-२-०-० | २६,००,००० |
| श्री जानकी रिमाल | ९०४ | ०-१-३-३ | २५,१८,७५० |
| श्री सन्तोष रिमाल | १३१७ | ०-२-०-० | २६,००,००० |
| श्री बिर बहादुर भण्डारी | १२३७ | ०-५-१-० | ६८,२५,००० |
| | | जम्मा | १,४५,४३,७५० |